लोक सेवा आयोग

**काठमाडौं कार्यालय**

(परीक्षा शाखा)

अनामनगर, काठमाडौं

☎ ०१-४७७१९८१, ४७७१९८२, ४७७१९८४ फ्याक्स नं- ०१-४७७१९८३ वेवसाइटः www.psc.gov.np इमेलः kathmandu@psc.gov.np


# राष्ट्रिय अनुसन्धान विभागको अनुसन्धान सहायक पदको द्वितीय चरणको लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सूचना

**सूचना नं. ६१/०७८-७९, मिति २०७८।०६।२२**

लोक सेवा आयोग, काठमाडौ कार्यालयले संचालन गर्ने **राष्ट्रिय अनुसन्धान विभाग**को **विज्ञापन नं. ०३/०७७/७८, रा.प.अनंकित द्वितीय श्रेणी सरह, नेपाल विशेष सेवा, अनुसन्धान सहायक** पदको मिति २०७७।१२।१३ गते प्रकाशित विज्ञापनमा काठमाडौ परीक्षा केन्द्र राखी प्रथम चरणको लिखित परीक्षा उत्तीर्ण गरी **द्वितीय चरणको लिखित परीक्षाका छनौट भएका** उम्मेद्वारहरुको **द्वितीय चरणको लिखित परीक्षा कार्यक्रम** नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड र लोक सेवा आयोगबाट स्वीकृत संक्रमणको विशेष अवस्थामा परीक्षा (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७७ (तेश्रो संशोधन सहित) को पालना गर्ने गराउने गरी तपशिलको मिति, समय र स्थानमा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको परीक्षा भवन बाहेक अन्य परीक्षा भवनहरुमा कुनै पनि उम्मेदवारहरुलाई सम्मिलित गराइने छैन। तोकिएको परीक्षा भवनमा परीक्षा शुरु हुनुभन्दा कम्तिमा १ (एक) घण्टा अगावै पुग्नु पर्नेछ । परीक्षार्थीहरूले अनिवार्य रूपमा पालना गर्नुपर्ने विषयहरू द्रष्टव्य १ र २ मा तल उल्लेख गरिएको छ।

## तपशिल

### परीक्षा कार्यक्रम

| विज्ञापन नं. | पद, श्रेणी, सेवा | पत्र | विषय | परीक्षाको मिति र समय | अवधि |
|---|---|---|---|---|---|
| ०३/०७७/७८ (खुला, समावेशी) | अनुसन्धान सहायक, रा.प.अनंकित द्वितीय सरह, नेपाल विशेष | प्रथम | नेपाली, अंग्रेजी र गणित (विषयगत) | २०७८।०७।०९ गते, दिनको २:०० बजे | २ घण्टा ३० मिनेट |
| | | द्वितीय | सामान्य ज्ञान र समसामयिक विषय (विषयगत) | २०७८।०७।१० गते, दिनको २:०० बजे | |

### लिखित परीक्षा भवन

| क्र.सं. | उम्मेदवारहरूको रोल नं | संख्या | परीक्षा भवन |
|---|---|---|---|
| १ | ८०००४ देखि ८१८४४ सम्म | २०० जना | श्री एम्विसन कलेज (क), मध्येबानेश्वर |
| २ | ८१८५० देखि ८३३२३ सम्म | २०० जना | श्री एम्विसन कलेज (ख), मध्येबानेश्वर |
| ३ | ८३३२९ देखि ८६३९३ सम्म | २६८ जना | श्री लोक सेवा आयोग, काठमाडौं कार्यालय, अनामनगर |

**द्रष्टव्य १:-**

१. परीक्षा सञ्चालन हुने दिन आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुनेछैन ।
२. परीक्षामा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ ।
३. परीक्षा भवनमा झोला, मोवाइल फोन तथा अन्य इलेक्ट्रोनिक डिभाइसहरु लैजान निषेध गरिएको छ। साथै परीक्षामा क्याल्कुलेटर प्रयोग गर्न पाइने छैन।
४. प्रवेश पत्र विना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित नगराइने हुँदा प्रवेशपत्र अनिवार्य रूपमा साथमा लिई परीक्षा संचालन हुनुभन्दा कम्तीमा १ घण्टा अगावै परीक्षा भवनमा आइपुग्नुपर्नेछ ।

५. परीक्षामा प्रवेश-पत्र सँगै आफ्नो नागरिकता वा नेपाल सरकारबाट जारी भएको फोटो समेतको कुनै परिचयपत्र अनिवार्य रूपमा लिई आउनुपर्नेछ ।

**द्रष्टव्य २**:- **कोभिड-१९ संक्रमणबाट सुरक्षित रहन परीक्षार्थीले अनिवार्य पालना गर्नुपर्ने थप विषयहरूः**

१. परीक्षा केन्द्रमा प्रवेश गर्नु अघि उम्मेदवार स्वयंले कम्तिमा माक्स, स्यानिटाइजर तथा आफ्नो लागि पिउने पानीको अनिवार्य व्यवस्था गर्नु पर्नेछ ।
२. उम्मेदवारले परीक्षा केन्द्रमा प्रवेश गर्दा र निस्कदा भिडभाड नगरीकन एकआपसमा भौतिक दूरी कायम गर्नु पर्नेछ ।
३. परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पूर्ण पालना गर्नुपर्नेछ ।
४. परीक्षार्थीहरू परीक्षा केन्द्रमा प्रवेश गर्दा, बाहिर निस्कदा, शौचालय प्रयोग गर्नुपर्दा भिडभाड नगरिकन दूरी कायम गरी क्रमैसँग तोकिएको स्थानमा जानुपर्ने छ ।
५. परीक्षार्थीहरू समूहमा भेला हुने, कुराकानी गर्न पाइने छैन ।
६. सबै उम्मेदवारहरूले आफ्नो स्वास्थ्य अवस्थाको बारेमा राष्ट्रिय अनुसन्धान विभागको Web Site मा गई कोभिड सम्बन्धी स्वयम् घोषणा फाराम अनिवार्य रूपमा भर्नु पर्नेछ।
७. कोभिड-१९ बाट संक्रमित परीक्षार्थीहरूका लागि विशेष केन्द्रको व्यवस्था गरिने हुँदा संक्रमित परीक्षार्थीले आफू संक्रमित भएको जानकारी यस कार्यालयको टेलिफोन नं. ०१-४७७१९८५ वा मोवाईल नम्बर ९८४१७७७६७०, ९८५८०४२२७१ वा राष्ट्रिय अनुसन्धान विभागको मोवाईल नं ९८५११३२६५८ मा सम्पर्क गरी अग्रिम जानकारी दिनु पर्नेछ ।

| | | |
|---|---|---|
| .............................. | ...................................... | ................................. |
| (उपेन्द्रबहादुर पुन) | (लक्ष्मीप्रसाद पराजुली) | (चन्द्रकान्त निरौला) |
| कम्प्युटर अपरेटर | शाखा अधिकृत | उपसचिव |